शब्द : भागवत आचार्य
संगीत : राजु सिंह
स्वर : सङ्गिता प्रधान (राना), पारु लामा,
धनुषा सिंह घले, नवराज आचार्य र साथीहरू

# वित्तीय शिक्षा हासिल गरौं

वित्तीय शिक्षा हासिल गरौँ सबैले दिऊँ ध्यान
स्वरोजगार हुन उद्यमी बन्न लिऊँ है बैंकिङ ज्ञान

बैंक हो साथी बचत गर्न, सुलभ कर्जालाई
उद्यम गरी आर्जन बढाई समृद्ध बन्नलाई
फजुल खर्च छाडेर आजै वचत गर्नु छ
जुटाई पुँजी लगानी गरी आम्दानी थप्नु छ

लिएर कर्जा उद्यम गरी बढाऊँ हामी धन
विदेशी पैसा साटेर चलाऊँ लिऊँ है बैंकिङ ज्ञान

विदेशको कमाइ उद्यममा लगाऊँ नसकौं खाएर
कृषि उद्योगमा लगानी गरे जान्छ है बढेर
त्यो कमाइ बैंक-रेमिट संस्थाबाट नै पठाऊँ
अवैध हुन्डी सुरक्षित छैन धोकामा नपरौं

पालना गर्दै कानुनी बाटो कमाऊँ हामी धन
ढुकुटी खेल्दा नोक्सान पर्छ लिऊँ है बैंकिङ ज्ञान

हो सफा नोट सम्पत्ति हाम्रो जतन गरौ है
सोझो र सीधा चलाई नोट बढाऊँ आयु है
गरेर बीमा उद्यमको सारा जोखिम घटाऔं
नभए धितो सामूहिक रिण लिऊँ, उद्यम चलाऔं

उत्पादन बढाऊँ, रोजगार बनौं, वित्तीय अभियान
भविष्य हाम्रो सुरक्षित बन्छ लिऊँ है बैंकिङ ज्ञान